# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १४० | काठमाडौं | सोमबार, २४ भदौ २०८१ | Prabhab National Daily | Monday, September 09, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## हिमालयमा सन्निकट संकट



*तस्बिरः रासस*

■ **रामबहादुर थापा**

**गण्डकी–** गत वैशाखयता मुस्ताङ, गोरखा र सोलुखुम्बुमा हिमपहिरोका घटना भएका छन् । मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित धवलागिरि हिमालको फेदबाट यही भदौ ७ र ११ गते हिमपहिरो खस्यो । हिमपहिरोले घट्टेखोला थुनिएपछि स्थानीय त्रस्त बनेका थिए । दिउँसोपख हिमपहिरो गएकाले खोला छेउछाउका बासिन्दा सुरक्षित ठाउँमा सरेका थिए । हिउँ पग्लेर खोलाको बहाव पुरानै स्थितिमा फर्केपछि विपद्को ठूलो रूप भने लिन पाएन ।

गाउँपालिकाका अध्यक्ष प्रदीप गौचनले दुवै पटक एकै ठाउँबाट हिमपहिरो खसेको बताए । 'यो हिमपहिरोलाई सामान्य ढंगले बुझ्नु हुँदैन, विश्वव्यापी जलवायु संकटको प्रत्यक्ष सम्बन्ध यसमा जोडिएको छ,' उनले भने, 'हिउँको ठूलो ढिस्को खसेर घट्टे खोला थुनिएका थियो, यो घटनाले तल्लो तटीय क्षेत्रमा जोखिम बढाएको छ ।' उनका अनुसार वि.सं. २०७८ कात्तिकमा मानापाथी हिमालबाट खासाङ-२ कोवाङमा पनि हिमपहिरो आएको थियो ।

उक्त घटनामा भागदौड हुँदा केही स्थानीय घाइते भएका थिए । थासाङ-२ का वडाध्यक्ष गौतम शेरचनले हिमपहिरो २०० मिटर तलसम्म आएको भए बस्ती, सडक, पुललगायत पूर्वाधारमा क्षति पुग्न सक्थ्यो । 'कुनै अप्रिय घटना हुन पाएन तर हिमपहिरोको दृश्य हेर्दा भयानक थियो, हिउँको पहाड खसेजस्तो देखिन्थ्यो,' उनले भने, 'भदौ ७ गतेभन्दा ११ गते झन ठूलो हिमपहिरो खसेको थियो ।' धवलागिरि हिमालको फेदबाट छिप्लुङ लेक हुँदै हिमपहिरो झरेको उनले उल्लेख गरे ।

> हाम्रो पूर्वाधार विकास जलवायु र वातावरणमैत्री छैन, विकासको लगानी सुरक्षित छैन, विनासकारी विकासले पुऱ्याएको असर भयावह छ । जलवायु संकटसँग जुध्न सरकारले छुट्टै संस्थागत संरचना खडा गर्नुपर्छ, नीति र कानुनको प्रभावकारी कार्यान्वयनको खाँचो छ ।
>
> **डा. विमल रेग्मी**
> **जलवायुविज्ञ**

गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ थामेमा हिमपहिरो जाँदा दूधकोशी नदीले बाढीको रूप लिएको थियो । बाढीले थामेका कयौं घर र भौतिक सम्पत्तिमा क्षति पुऱ्याएको थियो । जोखिममा परेका स्थानीयको तत्काल उद्धार गरिएकाले कुनै मानवीय क्षति भने हुन पाएन । गत वैशाखमा गोरखाको मनास्लु हिमालको काखमा रहेको वीरेन्द्र हिमतालमा हिमपहिरो खस्यो ।

हिमपहिरोका कारण तालको सतह भरिएर पानी बाहिर बग्न थालेपछि बूढीगण्डकी नदीमा बाढी आउने भयले तटीय क्षेत्रका बासिन्दा त्रसित बनेका थिए । गृह मन्त्रालयदेखि वडा कार्यालयसम्मले सतर्कता अपनाउन सर्वसाधारणलाई सूचित गरेका थिए । सम्बन्धित क्षेत्रका विज्ञसहित सरोकार भएका पक्षको ध्यान वीरेन्द्र हिमतालतर्फ केन्द्रित भयो ।मनाङको चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाका अनुसार त्यौबेला हिमताल फुटेको नभई हिमपहिरो खस्दा तालको पानी छचल्किएर बाहिर बगेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

सहकारीको बचत अपचलन

# प्रतिवेदन लेखनकै क्रममा सरकारका उच्च अधिकारीसँग छलफल

■ **जेबी योञ्जन**

- प्रतिवेदन बुझाउन १० दिन बाँकी छँदा अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, राष्ट्र बैंकका गभर्नर, अर्थसचिवलगायतसँग छलफल
- प्रतिवेदनमा समेट्ने विषयबारे परामर्श लिइएको समितिद्वारा जानकारी
- मुख्य आरोपी गितेन्द्रबाबु (जिबी) राई अझै फरार, उनको पक्राउ र उनीसँग सोधपुछविना नै प्रतिवेदन लेखन

**काठमाडौं–** सहकारीको बचत अपचलन प्रकरणको छानबिन गर्न गठित संसदीय छानबिन विशेष समितिले सरकार र मातहतका सरोकारावाला निकायका उच्च अधिकारीसँग छलफल गरेको छ । छानबिन प्रतिवेदन बुझाउन १० दिन बाँकी छँदा समितिले अर्थमन्त्री विष्णुप्रसाद पौडेल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसँगै अर्थ मन्त्रालयका सचिवद्वय रामप्रसाद घिमिरे र दिनेशप्रसाद घिमिरेलगायतसँग आइतबार छलफल गरेको हो ।

समितिलाई सहकारीको बचत अपचलन, दुरूपयोग र ठगीको छानबिन गर्ने कार्याधिकार छ । समिति सभापति सूर्यबहादुर थापाका अनुसार अर्थमन्त्री पौडेललगायतसँग समितिको प्रतिवेदनमा के-के समेट्ने भनेर छलफल गरिएको बताए । 'हामी प्रतिवेदन लेखनको चरणमा छौं । यसक्रममा प्रतिवेदनमा समेट्नुपर्ने विषयबारे सरकार र मातहतका निकायका अधिकारीहरूसँग परामर्श गरिएको हो,' उनले प्रभावसँग भने ।

यसअघि नै समितिले सहकारी ठगीका आरोपीहरूसँग सोधपुछ गरिसकेको छ । त्यसक्रममा आरोपीहरूको बयानलाई आधार मानेर समितिले नियतवस सहकारी संस्था खोलेर बचतकर्ताहरूबाट अर्बौं ठगेको प्रारम्भिक निष्कर्ष निकालेको थियो । सहकारी ठगी प्रकरणमा समितिले मुख्य आरोपी गितेन्द्रबाबु (जिबी) राई किटान गरेको छ । तर, हालसम्म फरार छन् । समितिले उनको पक्राउ र उनीसँग सोधपुछविना नै प्रतिवेदन लेखन कार्य थालेको छ । समितिले प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि छलफल गर्न चाहेको छ ।



> हामी प्रतिवेदन लेखनको चरणमा छौं । यसक्रममा प्रतिवेदनमा समेट्नुपर्ने विषयबारे सरकार र मातहतका निकायका अधिकारीहरूसँग परामर्श गरिएको हो ।
>
> **सूर्यबहादुर थापा**
> **सभापति, संसदीय छानबिन विशेष समिति**

समिति सदस्य तथा नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले भने, 'हामीले अहिलेसम्म सहकारी ठगीका आरोपी सञ्चालकहरूसँग सोधपुछ गऱ्यौं, पूर्वसहकारी सचिवहरू, राष्ट्रिय सहकारी महासंघका पूर्व र वर्तमान अध्यक्ष, सहकारी विज्ञलगायत सरोकारवालासँग सोधपुछ गऱ्यौं अब प्रधानमन्त्रीसँग परामर्श लिन्छौं ।'

समितिको कार्यकाल यही १८ भदौमा थप १५ दिन बढाएको छ । यसअघि २२ भदौसम्ममा प्रतिवेदन बुझाउने समयसीमा समितिले पाएको थियो । समितिले विभिन्न सहकारी र कम्पनीको रकम दुरूपयोगमा संलग्नको रूपमा आरोपित व्यक्तिहरूमध्ये ५० जनासँग सोधपुछ गरिसकेको छ । समितिले २५ साउनबाट बयान सुरु गरेको थियो । सहकारी ठगी प्रकरणमा मुछिएका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेलाई ५१ वटा प्रश्न गरेको थियो ।

समितिको बयानको दायरामा अन्तिम राजा ज्ञानेन्द्र शाहका ज्वाइँ राजबहादुर सिंहसँग पनि आए । उनी ललितपुरस्थित सुमेरु सहकारीका सेयर सदस्य हुन् । विशेष समितिको कार्यविधिअनुसार सहकारीको बचत रकम दुरूपयोग सम्बन्धमा जिम्मेवार अध्यक्ष, पदाधिकारी, सञ्चालकहरू र सेयर सदस्यसँग सोधपुछ गरिएको हो । समितिले सहकारी ठगी प्रकरणमा अदालतको आदेशअनुसार देशका विभिन्न जेलमा रहेका १९ जना अभियुक्तलाई सिंहदरबारमै झिकाएर बयान लिएको थियो । अदालतबाट धरौटीमा छुटेकासहित जेलबाहिरका ३१ जनालाई पनि समितिले बयानमा बोलाएको थियो ।

तीमध्ये जेलमा भएको सहकारीका सञ्चालक तथा कर्मचारीहरूले अपत्यारिलो बयान दिएका छन् । उनीहरूले जेलबाट रिहा गरिदिए जग्गा र अरू सम्पत्ति बेचेर भए पनि सहकारीको बचत फिर्ता गर्ने बताएका छन् । तर, केही सञ्चालक समिति सदस्य तथा कर्मचारीले सहकारीको बचत हिनामिना नगरेको बयान दिएका छन् । उनीहरूले सञ्चालकका कारण परिबन्दमा परेको बताएका छन् ।

यस्तो बयान दिने जिबी राई सञ्चालक रहेको सहकारीका सदस्य र कर्मचारीहरू हुन् । तर, राई अध्यक्ष हुँदा प्रबन्ध निर्देशक भएका रास्वपा सभापति लामिछाने, सोही संस्थाका पूर्वसञ्चालक तथा पूर्वडिआइजी छविलाल जोशी र सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था, पोखराका पूर्वसञ्चालक शिवकुमार गुरुङलगायतले भने थाहा नभएको बयान दिएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

इपिएस सम्झौताको १७ वर्ष

# एक लाखभन्दा बढी नेपालीले पाए रोजगारी

■ **अशोक घिमिरे**

**काठमाडौं–** पछिल्ला केही दशकदेखि निरन्तर आर्थिक समृद्धिको यात्रामा लम्किरहेको दक्षिण कोरिया नेपाली युवामाझ आकर्षक रोजगार गन्तव्यका रूपमा चिनिन थालेको छ । दक्षिण कोरिया रोजगारीका लागि अनिवार्य भाषा परीक्षामा सहभागी नेपाली युवाको संख्याले उक्त तथ्यलाई पुष्टि गर्दछ ।

सन् २००८ देखि दक्षिण कोरियाले इपिएसमार्फत रोजगारीका लागि नेपाली श्रमिक लैजाँदै आएको छ । इपिएस सुरु भएयता लिइएका भाषा परीक्षामा सहभागी हुन नौ लाखभन्दा बढीले आवेदन फाराम भरेका छन् । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाको तथ्यांकानुसार हालसम्म नौ लाख १९ हजार ६३१ युवाले कोरियन भाषा परीक्षाका लागि आवेदन दिएका छन् ।

सन् २०२४ का लागिमात्रै हालसम्मकै बढी एक लाख ९९ हजार ११३ जनाले भाषा परीक्षाका लागि आवेदन दिएका थिए । हालसम्म पाँच लाख ४८ हजार ७७१ जना भाषा परीक्षामा सहभागी भएका छन् ।





### एक लाखभन्दा बढीले पाए रोजगारी

इपिएसअन्तर्गत वैदेशिक रोजगारीमा दक्षिण कोरिया जाने संख्या लगातार वृद्धि हुँदै गइरहेको छ । हालसम्म ९८ हजार ३१० पुरुष र सात हजार २४३ महिला गरी एक लाख पाँच हजार ५४४ जनाले दक्षिण कोरियामा रोजगारी प्राप्त गरिसकेका इपिएस शाखाका प्रमुख मैयाँ कँडेल बताउँछिन् ।

इपिएसमार्फत नेपाली युवा रोजगारीका लागि दक्षिण कोरिया जान थालेको १७ वर्षका अवधिमा सबैभन्दा बढी सन् २०२३ मा १९ हजार ६८९ जना दक्षिण कोरिया प्रस्थान गरेका छन् । सन् २०२३ मा नेपाल कामदार बढी पठाउने मुलुक बन्न सफल भएको थियो । सन् २०२४ को पछिल्लो सात महिनाभित्र चार हजार २८५ नेपाली श्रमिक दक्षिण कोरिया गइसकेका छन् ।

दक्षिण कोरियाले इपिएसअन्तर्गत नेपालसहित इण्डोनेसिया, भियतनाम, थाइल्याण्ड, फिलिपिन्स, श्रीलंका, मंगोलिया, उज्वेकिस्तान, पाकिस्तान, कम्बोडिया, चीन, बंगलादेश, कीर्गिस्तान, म्यानमार, टिमोर-लेस्टे, लाओस र ताजकिस्तानबाट श्रमिक भित्र्याउँदै आएको छ । नेपालले सन् २०१५ मा 'वेष्ट प्राक्टिस आउटस्टचान्डिङ अवार्ड'समेत प्राप्त गरिसकेको छ ।

नेपाल र दक्षिण कोरियाबीच सन् २००७ मा रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत नेपाली कामदार दक्षिण कोरिया पठाउन मन्त्रीस्तरीय सम्झौता भएको थियो । सन् २००८ देखि नेपाली श्रमिक रोजगारीका लागि दक्षिण कोरिया जान थालेका हुन् । अहिले पनि दक्षिण कोरियामा करिब ५० हजार नेपाली श्रमिकले काम गरिरहेका शाखाका निर्देशक कँडेल बताउँछिन् । दुई देशबीचको रोजगार सम्झौता प्रत्येक दुई-दुई वर्षमा नवीकरण हुँदै आएको छ । पछिल्लोपटक सन् २०२२ मा सो सम्झौता नवीकरण भएको थियो ।

अन्य रोजगार गन्तव्यका तुलनामा दक्षिण कोरियामा अनधिकृतरूपमा बस्ने नेपाली श्रमिकको संख्या न्यून छ । दक्षिण कोरियामा श्रम कानुनको प्रभावकारी कार्यान्वयनबाट नेपालले अन्य गन्तव्यका तुलनामा कम सामाजिक मूल्य चुकाउनुपरेको छ । दक्षिण कोरियाले भाषा परीक्षा, रोजगारीबाट फर्केर कम्प्युटर सीप परीक्षा पास गरेका (सिबिटी) र कम्पनी परिवर्तन नगरी पूरा अवधि काम गरी पुनः सोही कम्पनीमा जाने (कमिटेड) गरी तीन वर्गमा नेपाली श्रमिक लैजाँदै आएको छ ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## प्रतिवेदन लेखनकै...

बयानका क्रममा उनीहरूले सबैले हाल मलेसियामा रहेका भनिएका जिबीलाई सरकारले झिकाउन सकेमा सहकारीमा अहिले देखिएको आधा समस्या हल हुने तर्क पनि गरेका छन् ।

तर, जिबीको पक्राउ भएकै छैन । उनी कहाँ छन् भन्ने सुइँको प्रहरीले पाएको छैन । यसअघि गृहमन्त्री छँदा लामिछानेले जिबी मलेसियामा रहेको थाहा भएको र उनको लोकेसन ट्र्याकसमेत गरेको दाबी गरेका थिए । माओवादी नेता नारायणकाजी श्रेष्ठ गृहमन्त्री भएका बेला भने उनले सरकारले नै जिबीलाई फरार गराएको टिप्पणी गरेका थिए । तर, गृहमन्त्री हुँदा आफ्ना पूर्वव्यावसायिक साझेदारसमेत रहेका जिबीलाई पक्राउ गर्न सकेनन् । यहीबीच थापा संयोजक रहेको छानबिन समितिले प्रतिवेदन लेखन थालेको हो ।

समितिलाई चारवटा क्षेत्राधिकारमा रहेर छानबिन गर्न कार्यादेश छ । सहकारी संस्थाहरूमा देखिएको संकट तथा यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरीवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने समितिको पहिलो क्षेत्राधिकार हो ।

समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरूपयोग भएको बचत रकम छिटो र सहज ढंगले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने दोस्रो अधिकार हो ।

सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनिकीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थालगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ताको प्रक्रिया कहाँ पुगेको छ सोको अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने अर्को अधिकार तोकिएको छ ।

सहकारी संस्था सदस्य एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानी नोक्सानी पुऱ्याउने गोरखा मिडिया नेटवर्क प्रालिलगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानुनीरूपमा प्रवाह भए/नभएको प्रतिवेदन बुझाउने अन्तिम कार्यभार समितिको छ ।

समिति भने त्यसबेला गठन भएको हो, जतिबेला सहकारी ठगी आरोपी लामिछाने गृहमन्त्री थिए । कांग्रेसको चर्को दबाबपछि उक्त समिति गठन भएको हो । लामिछाने र जिबीलाई छानबिनको दायरामा ल्याउने मूलभूत उद्देश्यले समिति गठन गरिएको हो । उनीहरूले विभिन्न सहकारीको रकम गोरखा मिडियामार्फत ग्यालेक्सी टिभीमा लगानी भएको र त्यसबेला प्रबन्ध निर्देशक रहेकोले सहकारी ठगीमा लामिछानेको संलग्नता जोडिएको हो ।

पोखरास्थित सूर्यदर्शन सहकारीमा समस्या देखिएपछि महानगरले गठन गरेको टोलीले १८ हजार ७०० बचतकर्ताको एक अर्ब ३५ करोड रूपैयाँ ठगी भएको निष्कर्ष निकालेको थियो । ठगी आरोपमा सञ्चालक समितिका पाँचजना पक्राउ परे भने अन्य १४ जना फरार भए । सोही सहकारीबाट ठगिएको भन्दै पीडितले दिएको उजुरीका आधारमा अनुसन्धान सुरु हुँदा सभापति लामिछानेको नाम आएको हो ।

जिबीले भने सूर्यदर्शन सहकारीको ७८ करोडभन्दा बढी रकम गैरकानुनीरूपमा अपचलन गरेर आफ्नो निजी कम्पनीमा लगानी गरेको आरोप छ । संसदीय समितिमा सभापति थापासहित एमालेबाट सरिता भुसाल छिन् । कांग्रेसबाट पर्यटमन्त्रीसमेत रहेका नेता बद्री पाण्डे र इश्वरी न्यौपाने तथा माओवादीबाट लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ध्रुवबहादुर प्रधान सदस्य छन् ।

●●●

## हिमालयमा सन्निकट ...

हिमताल फुटेको भए ठूलो विपद् निम्तनसक्ने खतरा रहेको उनले बताए ।

वैशाखको सुक्खायाममा हिमपहिरो खस्नु सोचनीय विषय भएको अध्यक्ष लामाले बताए । हिमतालले निम्त्याउने सम्भावित जोखिमबारे उक्त घटनाले झक्झकाएको उनको भनाइ छ । यी हालै भएका हिमपहिरोका प्रतिनिधि घटना हुन् । जलवायुविज्ञका अनुसार हिमालयमा स-साना हिमपहिरो थाहै नपाई खसिरहेका हुन्छन् ।

हिमनदी र हिमतालका कारण हिमाली भेगमा अप्रत्यासित घटना हुनसक्नेमा विज्ञहरूको चिन्ता छ । पर्यावरणीय अध्यता कुलचन्द्र अर्यालले जलवायु परिवर्तनको नकारात्मक असर पर्ने विश्वको सबैभन्दा बढी संवेदनशील क्षेत्रमा नेपालको हिमालय क्षेत्र रहेको बताए । 'विश्वको औसत तामपान वृद्धिको दरभन्दा हिमालय क्षेत्रको तापमान वृद्धि बढी रहेको छ,' उनले भने, 'विश्वको औसत तापमान १.५ प्रतिशतले बढ्दा हिमालय क्षेत्रमा १.८ देखि दुई डिग्री सेल्सियससम्म बढ्ने गरेको अध्ययनले देखाएको छ ।'

सोही कारण हिमालय क्षेत्रमा बाढीपहिरोलगायत अप्रत्याशित प्राकृतिक विपद्का घटना निम्तिरहेको पर्यावरणीय अध्यता अर्यालले उल्लेख गरे । विश्वव्यापी तापमान वृद्धिका कारण हिमालय क्षेत्रमा हिमगलन बढ्नुका साथै नयाँ हिमताल थपिने, विस्तार हुने र विष्फोटन हुन दर बढिरहेको उनले बताए ।

'हिमताल विष्फोटनपछि हालै सोलुखुम्बुमा आएको बाढीले थामे गाउँमा जुन विध्वंस मच्चायो, यस्ता घटनाहरू आगामी दिनमा दोहोरिने र भयानक बन्ने कुराको आँकलन सहजै गर्न सकिन्छ,' पर्यावरणीय अध्यता अर्यालले भने । कम वर्षा र हिमपात उच्च हुने हिमाली क्षेत्रमा पछिल्लो समय अनपेक्षितरूपमा उच्च वर्षा हुँदा बाढीपहिरोका घटना बढिरहेको उनले जानकारी दिए ।

गत वर्ष मुस्ताङको कागबेनीमा आएको बाढीको घटना त्यसको एक उदाहरण रहेको पर्यावरणीय अध्यता अर्यालले बताए । उनका अनुसार कमजोर भू-वनोट, वनस्पतिविहीन नांगो र भिरालो जमिन भएकाले हिमाली क्षेत्रले वर्षा थेग्न नसक्ने र त्यसले बाढीपहिरो तथा लेदो बग्ने समस्या निम्त्याउने गरेको छ ।

जलवायु परिवर्तन र उष्णीकरणले नेपालको हिमालय क्षेत्रमा नकारात्मक असर पुऱ्याइरहेको पर्यावरणीय अध्यता अर्यालले बताए । जलवायु परिर्वतको कारकका रूपमा रहेको हरितगृह ग्यास उत्सर्जनमा नगन्य भूमिका हुँदाहुँदै पनि त्यसको असर भोगिरहेको नेपालले जलवायुजन्य हानिनोक्सानीको पुनर्भरण अर्थात् क्षतिपूर्ति प्राप्तिका लागि विश्वमञ्चमा आफ्नो आवाज सशक्त बनाउनुपर्नेमा उनले जोड दिए ।

जलवायु परिवर्तन मामिलाका विज्ञ डा. पपुलर जेन्टलले पर्याप्त सावधानी र जोखिम न्यूनीकरणमा ध्यान दिन नसकिए हिमालय क्षेत्रले अकल्पनीय प्राकृतिक विपद् झेल्नुपर्ने बताए । उनले हिमनदी र हिमताल पृथ्वीमा पानीको स्रोत भएकाले तिनलाई जोगाउनुपर्नेमा जोड दिए ।

सन् २०१५ मा भएको 'पेरिस सम्झौता'मा संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्षराष्ट्रहरूले विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित पार्ने सहमति गरे पनि हिमालय क्षेत्रको तापक्रमले उक्त तह पार गरिसकेको जलवायु विज्ञ डा. जेन्टलले जानकारी दिए । 'विश्वव्यापीरूपमा भइरहेको तापमान वृद्धिको सीधा असर हिमाल र सो क्षेत्रको पर्यावरणमा परेको छ, हिमतालहरू जोखिममा रहेको विषयलाई हामीले जोडका साथ उठाइरहेका छौं, सरकार यसतर्फ संवेदनशील भएर लाग्नुपर्ने आवश्यकता छ,' उनले भने, 'हिमतालमा पूर्वसूचना प्रणालीको विकास गर्नुपर्छ, समुदायस्तरमा सचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।'

पृथ्वीको तापक्रम वृद्धिका कारण हिउँ र हिमनदी पग्लनेक्रम तीव्र बनेकाले त्यसले हिमतालको सतह बढाउने र नयाँ बन्नेक्रम पनि सँगसँगै बढेको जलवायुविज्ञ डा. जेन्टलको भनाइ छ । 'हिमालय क्षेत्रमा निम्तने प्राकृतिक विपद् उपल्लो र तल्लो तटीय क्षेत्रमा कुनै पनि बेला ठूलो संकट र विनास ल्याउनसक्छ, अहिले भइरहेका घटना त्यसका संकेतमात्र हुन्,' उनले भने ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले संयुक्तरूपमा गरेको अध्ययनले नेपालका २१ हिमताल जोखिममा रहेको देखाएको छ । जोखिममा रहेका २१ मध्ये उच्च जोखिममा रहेका केही हिमताल सम्भावित विष्फोटको खतरामा रहेको उक्त अध्ययनले औंल्याएको छ । हिमालय क्षेत्रमा सन्निकट संकटको सामनका लागि आवश्यक तयारी र पूर्वसचेतना अपनाउनुपर्ने विज्ञहरूको सुझाव छ ।

उक्त अध्ययनअनुसार नेपालमा दुई हजार ८६ हिमताल रहेको पाइएको छ । जलवायुविज्ञ डा. विमल रेग्मीले उच्च जोखिम पहिचान गरिएका हिमतालको नियमित अध्ययन र अनुगमन गर्नुपर्ने बताए । 'मानिस पुग्न नसक्ने ठाउँमा स्याटेलाइट, राडारलगायत प्रविधिमार्फत हिमतालको नियमित अनुगमन र अध्ययन गर्नुपर्छ,' उनले भने, 'फुट्ने जोखिममा रहेका हिमतालको पानीको सतह घटाउनुपर्छ ।'

दोलखाको च्छो रोल्पा र सोलुखुम्बुको इम्जा हिमतालमा पानीको सतह घटाएर जोखिम न्यूनीकण गरिएको उदाहरण दिँदै अन्य हिमतालको जोखिमलाई पनि त्यसैगरी कम गर्न सकिने डा. रेग्मीले बताए । 'हिमतालको सतह घटाउने परियोजना महँगो भए पनि सरकारले दातृ निकायसँग मिलेर यो काम गर्न सक्छ,' उनले भने, 'हिमालय क्षेत्रमा खतराको घण्टी बजिरहेकाले संकट सामनाका लागि तयार रहनुको विकल्प छैन ।'

'इसिमोड' र 'युएनडिपी'को अध्ययनअनुसार च्छो रोल्पा, इम्जा, मनास्लु हिमशृंखलाको ठूलागी, बरुण, चामलाङलगायत हिमताल उच्च जोखिममा छन् । विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमालय क्षेत्रमा संकट गहिरिँदै गएको डा. रेग्मीले बताए । अहिलेको गतिमा हिउँ पग्लिँदै गएमा आउँदा केही दशकमा नेपालका हिमालहरू कालापत्थरमा परिणत हुने उनको भनाइ छ ।

'अहिले विश्वव्यापी तापक्रम १.१ डिग्री सेल्सियसले वृद्धि भएरहेको छ, पृथ्वीको तापमान दुई डिग्रीले बढ्ने हो भने हिमालय क्षेत्रको आधा हिउँ सकिने उक्त अध्ययनको निचोड छ,' डा. रेग्मीले भने, 'हरित ग्यास उत्सर्जनलाई नियन्त्रण गर्न विश्वले उपयुक्त कदम नचाल्ने हो भने हिमालय क्षेत्रमा गम्भीर संकट निम्तने खतरा छ, कुनै दिन हिमालय क्षेत्रको अस्तित्व नै नासिन सक्छ ।'

जलवायु परिवर्तनका कारण हिमालको पारिस्थितिकीय प्रणालीमा उथलपुथल भइरहेको जलवायुविज्ञ डा. रेग्मीको भनाइ छ । यसले पानीको चक्र फेरिने, मनसुन ढिलो हुने, हिउँ नपर्ने, कुनैबेला हाँडीघोप्टे वर्षा हुनेजस्ता समस्या देखिइरहेको उनले बताए ।

डा. रेग्मीले हिमालबाट हिउँ हराउँदै गएमा पानीमा आधारित कृषि र जनजीवनमा ठूलो असर पर्ने बताए । 'हिमालमा हिउँ नरहे, नदीका स्रोत सुक्छन्, त्यसले तल्लो तटीय क्षेत्रका बासिन्दाको जीविकोपार्जनदेखि खानेपानी, सिँचाइ, कृषि आदिमा भयानक संकट निम्तिन्छ,' उनले भने ।

जलवायुजन्य घटना र हानिनोक्सानीका कारण नेपालको कूल गार्हस्थ उत्पादनमा वार्षिक २.५ प्रतिशतले ह्रास आइरहेको डा. रेग्मीले जानकारी दिए । यो शताब्दीको अन्त्यसम्ममा १० देखि १२ प्रतिशतसम्म ह्रास हुने वन तथा वातावरण मन्त्रालयको अध्ययनले देखाएको उनको भनाइ छ ।

'हाम्रो पूर्वाधार विकास जलवायु र वातावरणमैत्री छैन, विकासको लगानी सुरक्षित छैन, विनासकारी विकासले पुऱ्याएको असर भयावह छ,' जलवायुविज्ञ डा. रेग्मीले भने, 'जलवायु संकटसँग जुध्न सरकारले छुट्टै संस्थागत संरचना खडा गर्नुपर्छ, नीति र कानुनको प्रभावकारी कार्यान्वयनको खाँचो छ ।' *रासस*

●●●

## एक लाखभन्दा...

इपिएसबाट रोजगारीका लागि दक्षिण कोरिया जान प्रत्येक श्रमिकले परीक्षा, स्वास्थ्य परीक्षण, आवेदन फाराम दर्ता, प्रवेशाज्ञा, बिमा, हवाई टिकट र प्रारम्भिक तालिमलगायत शीर्षकमा करिब एक हजार ३५० अमेरिकी डलर तिर्नुपर्छ । दक्षिण कोरिया रोजगारीमा रहेका श्रमिकले चार वर्ष १० महिना काम गर्न पाउँछन् । सो अवधि पूरा गरेपछि उनीहरू अनिवार्यरूपमा स्वदेश फर्कनुपर्छ ।

दक्षिण कोरियाले सुरुआती चरणमा कृषि तथा पशुपालन र उत्पादन क्षेत्रमा नेपाली श्रमिक लैजाने गरेको भए पनि पछिल्ला दिनमा रोजगारीका क्षेत्र फराकिलो बनाउँदै लगेको निर्देशक कँडेल बताउँछिन् । हाल दक्षिण कोरियाले पानी जहाजसम्बन्धी क्षेत्रमा पनि नेपाली श्रमिक लैजान थालेको छ भने वन तथा सेवा क्षेत्र पनि विस्तार गर्ने जानकारी गराएको छ ।

### इपिएस प्रणालीका चुनौती

भाषा परीक्षा उत्तीर्ण गरी रोजगार आवेदन बुझाएर रोस्टरमा रहेका युवालाई दक्षिण कोरियामा रोजगारीको प्रबन्ध मिलाउन चुनौती देखिएको छ । इपिएस कोरिया शाखाका अनुसार सन् २०२२ देखि हालसम्म ४२ हजार ५९ जना रोस्टरमा रहेकामा १८ हजार २० जनामात्र रोजगारदाताको छनोटमा पर्न सफल भएका छन् । भाषा परीक्षा उत्तीर्ण भएको दुई वर्षभित्र दक्षिण कोरिया जान नपाएमा पुनः भाषा परीक्षा पास गर्नुपर्ने व्यवस्था छ । बाँकी २४ हजार ३९ जना हालसम्म पनि रोजगारदाताको छनोटमा पर्न नसकेको शाखाको तथ्यांक छ । सेवा क्षेत्रमा रोस्टर परिवर्तन गराई ६९१ जनालाई रोस्टरमा राखिएकामा सातजना मात्र रोजगारदाताको छनोटमा परेको शाखाले जनाएको छ ।

शाखाका निर्देशक कँडेल उत्पादन, कृषि तथा पशुपालन, पानीजहाजजस्ता क्षेत्रसँगै वन र सेवा क्षेत्रमा बढीभन्दा बढी कामदार पठाउन पहल गर्नुपर्ने धारणा राख्छिन् । भाषा परीक्षाको वार्षिक कार्यतालिका स्वीकृत गरी अनुमानयोग्य बनाइनुपर्ने तथा परीक्षा उत्तीर्ण र दक्षिण कोरिया जान पाउने संख्याबीचको सामञ्जस्यता मिलाउनेतर्फ कूटनीतिक पहल लिनुपर्ने उनको सुझाव छ । *रासस*


**सेवा हाईड्रो लिमिटेड कम्पनीको**
**सातौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति २०८१/०५/२४

**आदरणीय शेयरधनी महानुभावहरु**
यस कम्पनीको मिति २०८१/०५/२० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको सातौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको उपस्थितिको लागि यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८१ असोज १५ गते मंगलबार (1st Oct 2024)
**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय, थापागाँउ, बानेश्वर, काठमाडौं ।
**समय :** दिनको १:०० बजे ।

**छलफलका विषयहरू :**
**(क) सामान्य प्रस्ताव :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।
३. कम्पनी ऐन, २०६३को दफा १११ अनुसार आ.व.२०८१/०८२का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने
**(ख) विशेष प्रस्ताव :**
१. कम्पनीको अधिकृत र जारी पूँजी वृद्धि गर्ने ।
**(ग) विविध :**
**नोट : अन्य विस्तृत जानकारीकोलागि कार्यालयमा सम्पर्क गर्नुहोला ।**
९८५१०४५७१९, ९८४५०३६९०७
सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव



**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग काठमाडौंको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Advance Recruitment Service Pvt. Ltd. (ई.प.नं. ४४४/०६०/०६१) ले** यस विभाग समक्ष झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. १ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०५/१३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।



**तु-आवश्यकता**

**यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. Frontdesk Officer - 01 (F)**
*- having experience in related field, must know to handle telephone call, documentation & photoshop*
**2. PRO -3 (F/M)**
*- Minimum 2 years of experience in related field*
**3. Construction Trade Trainer (Technician ) -1 (M)**
*- having good knowledge related to construction field*
**4. Documentation Officer - 3 (F)**
*- must have experience of working in Manpower field and should be having knowledge of photoshop*

तलबः आपसी समझदारीमा

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. श्रम ईजाजत नं. ३३६/०५९/०६० (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 4111286, 4111287, 9841418580



**अत्यन्त जरूरी सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Interpid Recruitment Services Pvt.Ltd** (इजाजतपत्र नं.: १६७६/०८०/०८१) बाट **अनिल कुमार गिरी** (**ना.प्र.प.नं.** ९५२०१७-६५८६/**स्थाई ठेगानाः भगवानपुर-५, सिरहा**) ले यस प्रा लि को नाम प्रयोग गरेर अनाधिकृत रूपमा बैदेशिक रोजगारमा पठाई दिन्छु भनि रकम तथा पासपोर्ट संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा लि को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा लि को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार यस प्रा लि को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा. लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

Permission No. 1676/080/081
INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866



**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०८/०७ मा प्रा.लि.नं. २८२०४०/०७८/७९ मा दर्ता भएको **मेडिटेक्निका एक्युप्मेन्ट्स नेपाल प्रा.लि.** को मिति २०८१/०५/१८ मा सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर**
**श्री निलकण्ठ पोखरेल**
**इजाजत पत्र नं.** ५१२, **फोनः** ९८५१००६०४६


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, २४ भदौ, २०८१**

| | |
|---|---|
| **मेष** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |
| **वृष** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| **मिथुन** | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| **कर्कट** | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **सिंह** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| **कन्या** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **तुला** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **वृश्चिक** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **धनु** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **मीन** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ भदौ, २०८१ (०९ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# दामोदरकुण्डका तीर्थयात्रीलाई आवास र सञ्चारको समस्या

■ सन्तोष गौतम



**म्याग्दी–** आवास र सञ्चार सुविधाको अभावमा मुस्ताङको हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल दामोकरकुण्डमा भक्तजन र पर्यटकलाई समस्या भएको छ । समुद्री सतहबाट पाँच हजार मिटर उचाइमा रहेको दामोदरकुण्ड मुस्ताङको लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको वडा नं ४ मा पर्दछ । भौगोलिकरूपमा विकट, दुर्गम र बस्तीदेखि टाढा उच्च हिमाली क्षेत्रमा रहेको दामोदरकुण्ड र यहाँ जाने पदमार्गमा होटल तथा लज छैनन् ।

दुईवटा डाँडा पार गरेर दामोदरकुण्ड पुग्ने तीर्थयात्री धर्मशालामा बास बस्नुपर्छ । लो-घेकर दामोदरकुण्ड गाउँपालिकाले घिमीठाँटी र दामोदरकुण्डमा दुई वर्षअघि बनाइएको भवनमा दाताको सहयोग जुटाएर असारदेखि भदौको दोस्रो सातासम्म निःशुल्क भोजन तथा आवास सुविधासहितको धर्मशाला सञ्चालन भएको छ ।

धर्मशालाका कर्मचारी कर्म रेंगे गुरुङले आर्थिक र जनशक्ति अभावका कारण दुई महिनाभन्दा बढी समय धर्मशाला सञ्चालन गर्न नसक्दा तीर्थयात्री र पर्यटकलाई समस्या भएको बताए । 'धर्मशाला सञ्चालन नहुने समयमा दामोदरकुण्डमा आउने तीर्थयात्री र पर्यटकले खान, बस्न दुःख व्यहोर्नुपरेको देख्दा हामीलाई चिन्ता लाग्छ,' उनले भने, 'जनशक्ति र खाद्यान्न व्यवस्थापन गर्ने आर्थिक स्रोत अभाव हुँदा दुई महिनामात्र धर्मशाला सञ्चालन गर्नुपरेको हो ।' घिमीठाँटी र दामोदरकुण्डमा गाउँपालिकाले २०/२० जना क्षमताको धर्मशालाको भवन बनाएको छ । जस्तापाताले छाएको टहरा पनि छन् । घिमीठाँटीबाट दामोदरकुण्ड पुग्न लाग्ने करिब सात घण्टाको बाटोमा आश्रय लिने ठाउँ छैन । मोबाइल फोनको पहुँच छैन ।

म्याग्दीको नारच्याङका मोहन पुर्जाको अगुवाइमा दामोदरकुण्डको धर्मशालामा दाल, चामल, तरकारी र पीठो व्यवस्थापन हुँदै आएको छ । घिमीठाँटीमा दुईजना र दामोदरकुण्डको धर्मशालाका एकजना कर्मचारीलाई दैनिक ५०० रूपैयाँ ज्याला दिएर दुई महिना राख्ने गरिएको गुरुङले जानकारी दिए ।

गत हप्ता दामोदरकुण्ड पुगेका काठमाडौंका सर्वोत्तम ढकालले धर्मशाला बन्द भएकाले आफैं खाने, बस्ने सामानको बन्दोबस्ती गर्नुपरेको बताए । 'थाकेर लखतरान हुने तीर्थयात्री पकाएर खानसक्ने अवस्थामा हुँदैनन्,' उनले भने, 'आफैं सामान बोकेर लैजाने र पकाएर खान गाह्रो हुने रहेछ ।'

घारा गाउँ दामोदरकुण्ड जाने पदमार्गको अन्तिम मानव बस्ती हो । कालिगण्डकी करिडोरको जोमसोम-कोरला सडक हुँदै अपर मुस्ताङको चराङसम्म पुगेपछि त्यहाँबाट एक घण्टा ३० मिनेटमा सवारीसाधनको यात्रापछि घारा गाउँ पुग्न सकिन्छ । घारा गाउँबाट माथि घिमीठाँटीसम्म सडक पुगे पनि राम्रो नभएकाले भक्तजन हयारा-घाराबाट घोडाको यात्रा गर्दछन् ।

दामोदरकुण्ड जान र आउन प्रतिघोडा १० हजार रूपैयाँ शुल्क तिर्नुपर्छ । घोडामार्फत तीर्थयात्रीलाई दामोदरकुण्ड लाने ल्याउने गर्दै आएका घाराका पेमाछिरिङ गुरुङले आवासका साथै सञ्चारको पनि असुविधा रहेको बताए । 'जेठदेखि असोजसम्म भक्तजन दामोदरकुण्ड आउँछन् । दुई महिनामात्र धर्मशाला सञ्चालन हुँदा समस्या भएको छ,' उनले भने, 'देउराली डाँडाबाट दामोदरकुण्डसम्म मोबाइल फोन सेवाको पहुँच नहुँदा सूचना आदानप्रदानका साथै लेक लागेर बिरामी हुने तीर्थयात्रीको उद्धार गर्न समस्या भएको छ ।' बिरामीको उद्धार गर्न चिठी लेखेर पठाउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

दामोदरकुण्डको धर्मशालाको व्यवस्थापन गर्दै आएका याराका टासी गुरुङले दाताले पठाएको र दिने खाद्यान्नले नपुग्ने, मौसमले साथ नदिने भएकाले दुई महिनामात्र समयसम्म धर्मशाला सञ्चालन गर्ने गरिएको बताए । 'गत वर्ष चार हजारको हाराहारीमा तीर्थयात्रीहरू पुगेको दामोदरकुण्डमा यसपालि तीन हजारको हाराहारीमा आएका छन्,' उनले भने, 'अर्धनिषेधित क्षेत्र उपल्लो मुस्ताङ भ्रमण गर्न अध्यागमन विभागबाट १० दिनका लागि ५०० डलर तिरेर अनुमति लिनुपर्ने नीतिगत व्यवस्थाका कारण थोरैमात्र विदेशी आउँछन् ।'

महँगो प्रवेश शुल्क तिर्नुपर्ने कारण विशेष गरेर कमजोर आर्थिक अवस्था भएका भारतीय तीर्थयात्रीहरू चाहेर पनि दामोदरकुण्ड तीर्थयात्रामा आउन नसकेका टासीले बताए । लो-घेकर दामोदरकुण्ड गाउँपालिका-४ का वडाध्यक्ष झयाङ छेसा गुरुङले धर्मशाला सञ्चालनको समय अवधि लम्ब्याउनुपर्ने र मोबाइल फोन सेवा विस्तारको अतिआवश्यक भएको बताए । 'धर्मशालालाई व्यवस्थितरूपमा नियमित सञ्चालन गर्न स्रोत जुटाउन दाता तथा र मोबाइल फोन सेवा विस्तारका लागि सम्बन्धित निकायमा पहल गरेका छौं,' उनले भने, 'दामोदरकुण्ड र समग्र उपल्लो मुस्ताङमा पर्यटक तथा भक्तजनको आगमन बढाउन अर्धनिषेधित क्षेत्र हटाउन संघीय सरकारसँग पहल गरेका छौं ।'

कालीगण्डकी नदीको उद्गमस्थल दामोदरकुण्ड दर्शन र स्नान गर्नाले पुण्य र आध्यात्मिक सन्तुष्टि मिल्नुका साथै मनोकांक्षा पूरा हुने जनविश्वास छ । कालीगण्डकी नदीमा मात्र पाइने शालिग्राम शिलालाई हिन्दू धर्मावलम्बीले भगवान् विष्णुको रूपमा पुज्ने गर्दछन् । तलाउको छेउमा बौद्ध धर्मावलम्बीको छ्योर्तेन पनि छ । नजिकैको पहाड बौद्ध धर्मका लामाले लगाउने टोपी आकारको छ ।

दामोदर हिमशृंखलाको फेदीमा रहेको यस स्थल धार्मिक र प्रकृतिको मनोरम संगम हो । मौसम र वातावरणीय हिसाबले जेठदेखि साउनसम्म दामोदरकुण्ड जान उपयुक्त हुन्छ । पाँचवटा कुण्ड रहेको दामोदरकुण्ड स्नानका लागि जनैपूर्णिमा र चैते दसैंका दिन भक्तजन घुइँचो लाग्ने गर्दछ । कुण्ड वरिपरि कुशको हरियाली छ । उच्च भूभागमा पाइने यहाँको कुशको विशेष धार्मिक महत्त्व छ ।

कठिनपूर्ण यात्रा गरेर दामोदरकुण्ड पुगेपछि यहाँको प्राकृतिक सुन्दरताले सबै दुःख र कष्ट भुलाइदिने हालै त्यहाँ गएर आएका बेनी नगरपालिका-३ का राम्जी सुवेदीले बताए । वरपरका सेता हिम चुचुरोले घेरिएको दामोदर कुण्डको उपत्यका सुन्दर र मनमोहक देखिने उनले उल्लेख गरे । *रासस*


## स्कुटर हराएको सूचना

मिति २०८१।०५।०२ गते काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. ९ स्थित RV क्याफेको पार्किङको पार्किङ स्थलमा पार्किङ गरी राखेको कालो, रातो रङ्गको 125 CC TVS स्कुटर, दिनको अन्दाजी १०:२५ बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : तिर्थ राज विष्ट
स्कुटर नं.: बा.प्र. ०२-०४९ प ३२३७
च्यासिस नं.: MD626BK32P2N03384
इन्जिन नं. : AK3NP2705765
ठेगाना: खोटाङ, जन्तेढुंगा-४
सम्पर्क: ९८४१००९६१७



## साउदीमा रोजगार

कम्पनी : RESTAURANT MENDY EL-KAIF FOR MEALS
शहर : Al Hofuf

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310324 | चलानी नं.६०२२४९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef (Cook) | 2 | 0 | 1400 | ५०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२०८/०७३/०७४
Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069,
E-mail: overseas4employment@gmail.com



## MAURITIUS मा रोजगार

कम्पनी : PALTONI RETAIL LTD
शहर : Coromandel

पूर्व स्वीकृति मिति : २०८१/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/२३ | LT. No.305478 | चलानी नं. ६०२२०३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operators | 82 | 0 | 16500 | ४७,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## युएईमा रोजगार

कम्पनी : WESTERN BAINOONA GROUP (WBG

पूर्व स्वीकृति मिति : २०८१/०२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२३ | LT. No. 305669 | चलानी नं. ६०२२०४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Raod Main. Worker | 169 | 0 | 800 | २९,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४४३/०७४/०७५
Golden Gateway Internatioal P. Ltd.
P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal
Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com



## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दमक, झापा, कोशी, प्रदेश, नेपाल

## जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोगकरको बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०५/२४)

दमक नगरपालिकाको आ.व.२०८१/०८२ का आन्तरिक आय संकलनको जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोगकरको ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरू उल्लेख गरी आय ठेक्काको ७ (सात) दिने बोलपत्र सूचना प्रकाशित गरिएको छ । आय ठेक्कामा भाग लिन चाहने कम्पनी/फर्महरूले तपशिलको सेवा शर्तका वन्देजमा रही बिद्युतीय माध्यम (ई-बिड) बाट पेश गर्ने गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न. | ठेक्का नं. | बोलपत्रको नाम | आ.व.२०८१/०८२ को न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | ठेक्काको अवधि | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/KWDI/48/81/82. | जडिबुटी, कवाडी रजीवजन्तुको व्यवसायिक उपयोग कर | २०,००,०००/- (अक्षरेपी बिस लाख मात्र ) | ३ बर्ष | कबोल गरेको रकमको ५% | ३,०००/- |

**शर्तहरू:**

प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तिन हजार रूपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ । जम्मा गरेको राजस्व भौचर र धरौटी बापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरू https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने छ । बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**



## बहराइनमा रोजगार

कम्पनी : VAN GOGH DESIGNS

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310251 | चलानी नं.६०२२४९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GYPSUM CARPENTER | 4 | 0 | 120 | ४२,८७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 4 | 0 | 120 | ४२,८७७ | | | | | | | |
| 3 | PAINTER | 4 | 0 | 120 | ४२,८७७ | | | | | | | |
| 4 | PLUMBER | 4 | 0 | 120 | ४२,८७७ | | | | | | | |
| 5 | Worker | 2 | 0 | 100 | ४२,८७७ | | | | | | | |
| 6 | Worker (Construction) | 10 | 0 | 100 | ४२,८७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: धनुषा, गल्फ ट्रेनिङ सेन्टरमा मिति: २०८१ भदौ ३१ गते (16th Sep. 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १ र २ गते (17 & 18 th Sep 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOBS CENTER PVT. LTD.
(My Careers H.R. Solutions Pvt. Ltd.)
श्रम इजाजत नं. २२७/०५८/५९
Bansbari, Kathmandu, Nepal, Tel: 01-5906752, 5906753, 4375876



## रोमानियामा रोजगार

कम्पनी : DAROLI METAL SRL

पूर्व स्वीकृति मिति : २०७९/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२३ | LT. No. 283858 | चलानी नं.६०१९९१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 40 | 7 | 550 | ७४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: ७०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1345/074/075
Al Amal Overseas Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com



## साउदीमा रोजगार

कम्पनी : ASEEL AL SHAMAL LAND TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८१/०५/२० | LT No : 310240 | चलानी नं. ६०२२४९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver / Heavy Driver | 3 | 0 | 1800 | ६४,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1553/079/80
Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com



## कुवेतमा रोजगार

कम्पनी : ARAB HARVEST GENERAL TRADING & CONTRACTING COMPANY
शहर : Fahaheel-block-7-street 67

पूर्व स्वीकृति मिति : २०८१/०५/२३ | LT. No. 310382 | चलानी नं. ६०२२४९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Surveyor | 5 | 0 | 120 | ५२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Co2 Welding | 28 | 0 | 120 | ५२,८७० | | | | | | | |
| 3 | Heavy Driver | 20 | 0 | 175 | ७७,१०० | | | | | | | |
| 4 | Labor/helpers | 200 | 0 | 95 | ४१,८५५ | | | | | | | |
| 5 | Structure Fitter | 39 | 0 | 110 | ४८,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic.No 1692/081/81
Dana Human Resource Nepal Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: dananepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com



## कुवेतमा रोजगार

कम्पनी : TLB FOOD STUFF GENERAL TRADING CO.
शहर : Qasima

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310276 | चलानी नं.६०२२४९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef/Kitchen Assistance | 10 | 0 | 125 | ५५,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver (Light/Heavy) | 10 | 0 | 150 | ६६,०८५ | | | | | | | |
| 3 | Steward/Dishwasher | 5 | 0 | 90 | ३९,६५० | | | | | | | |
| 4 | Waiter | 5 | 4 | 120 | ५२,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : FUTURE SERVICES GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८१/०५/२३ | LT No : 310400 | चलानी नं. ६०२२४९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bull Dozer Driver | 20 | 0 | 200 | ५९,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Diesel Mechanic | 10 | 0 | 140 | ५९,४८० | | | | | | | |
| 3 | Electrician (Gen.) | 10 | 0 | 140 | ४१,८५५ | | | | | | | |
| 4 | Exavetor Operator | 20 | 0 | 200 | ५९,४८० | | | | | | | |
| 5 | Grader Operator | 20 | 0 | 200 | ५२,८७० | | | | | | | |
| 6 | Heavy Driver/driver | 40 | 0 | 150 | ५२,८७० | | | | | | | |
| 7 | Wheel Loader Operator | 20 | 0 | 200 | ५९,४८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 886/067/068
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263
Email: info@manpoweragencynepal.com



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH SALEH ABDULLAH AL ZAHRANI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०३/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२३ | LT. No. 307480 | चलानी नं.६०२२४९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 1 | 0 | 1300 | ४६,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAYROUZ ABDOBIN YAHYA HADER TRADING EST

पूर्व स्वीकृति मिति : २०८०/१२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/२३ | LT. No. 302644 | चलानी नं.६०२१७६६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ५३,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३१ गते (16th sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gandaki Gurkhas Pvt. Ltd. श्रम इजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# इपिजी प्रतिवेदनमा कूटनीतिक दबाब बढाऊ

नेपाल–भारतबीच खुला सीमा एक हजार ८८० किलोमिटर छ । खुला सीमाको दुरूपयोग अन्तरदेशीय अपराधमा संलग्नहरूले गरिरहेका छन् । तस्करी, चेलीबेटी बेचविखनलगायत समस्या खुला सीमाकै कारण भइरहेको नेपालस्थित सुरक्षा निकायहरूको निष्कर्ष छ । नेपाली भूमि मिचिने क्रम पनि भारतीय पक्षबाट भइरहेको छ ।

इतिहासको विभिन्न काण्डखण्डमा नेपाल–भारतबीच थुप्रै असमान सन्धि–सम्झौता भएका छन् । ती सन्धि सम्झौताहरूको पुनरवलोकनको खाँचो छ । यिनै मूलभूत विषयलाई सम्बोधन गर्नेगरी २०७२ सालमै नेपाल र भारत सरकारले प्रबुद्ध व्यक्ति समूह (इपिजी) गठन गरेका हुन् । समूहले २०७५ सालमा प्रतिवेदन तयार गर्‍यो । तर, अझैसम्म उक्त प्रतिवेदन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बुझेका छैनन्, जसले गर्दा प्रतिवेदन दराजमै थन्किएको छ ।

मोदीले प्रतिवेदन नबुझेको अवस्थामा नेपालले के गर्छ ? स्पष्ट छैन । यसबारे प्रधानमन्त्री केपी शर्मा ओली मौन छन् । यसअघि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले भने भारतले प्रतिवेदन नबुझे नेपाल एक्लैले बुझ्ने र सार्वजनिक गर्ने चेतावनी दिएका थिए ।

प्रबुद्ध समूहको नेपाल संयोजक डा. भेषबहादुर थापा पनि भारतीय प्रधानमन्त्रीले प्रतिवेदन नबुझे समूहले सार्वजनिक गर्नुपर्ने पक्षमा छन् । हुन पनि प्रतिवेदनमा के छ ? आमनागरिकको जानकारीका लागि प्रतिवेदन सार्वजनिक गर्नैपर्छ । तर, त्यसअघि ओली सरकारले भारतीय समकक्षी मोदीलाई प्रतिवेदन बुझ्न कूटनीतिक माध्यमको प्रयोग गरी तयार पार्नुपर्छ । किनभने ओलीको मन्त्रिपरिषद्मा परराष्ट्रमन्त्री डा. आरजु राणा छिन् । जो भारतको संस्थापनपक्षनिकट नेपाली नेतृ मानिन्छन् । त्यही भएर राणालाई कूटनीतिक माध्यममार्फत मोदीलाई प्रतिवेदन बुझ्न सकारात्मक बनाइनुपर्छ । यदि, उनले कुनै पनि हालतमा जस्ताको तस्तै प्रतिवेदन नबुझे नेपालले एकतर्फी बुझ्न सक्ने अवस्था छ । त्यसका लागि पनि नेपाल तयारी हुनुपर्ने देखिन्छ ।

इपिजी प्रतिवेदनमा नयाँ सन्धिबाट सन् १९५० को असमान सन्धि प्रतिस्थापन गर्नुपर्ने सुझाव दिइएको छ । एकअर्काको देशमा लामो समय बस्ने नेपाली तथा भारतीयलाई सन्धिअनुसार के–के सुविधा दिने विषयमा पनि समूहमा छलफल भएको थियो । नेपाल–भारतको सीमालाई नियमन तथा अनुगमन गर्नेबारे निकै महत्त्वपूर्ण सुझावहरू छन् । यसमा भारतीय नागरिकलाई लक्षित गरेर नेपालले परिचयपत्र वा पासपोर्ट नै लागू गर्नैपर्ने सुझाव मुख्य छ । तर, नेपालले परिचयपत्र अथवा पासपोर्ट नै लागू गर्नुपर्ने प्रतिवेदनमा भनेको छ । यी सुझावहरू उल्लिखित प्रतिवेदन बुझेर कार्यान्वयन गरिए नेपाल–भारत सीमा समस्या समाधान हुन्छ । त्यसैले सरकारको प्राथमिकता यसतर्फ हुनुपर्छ ।

## मननयोग्य

### चाणक्य नीति

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो । क्रमश:

# मोतीराम भट्ट : नेपाली साहित्यका प्रवर्तक



■ श्रीराम श्रेष्ठ

एउटा सिंगो युगकै अस्तित्व बोकेको अमर व्यक्तित्व मोतीरामका सम्बन्धमा खासै बढी चर्चा नहुनु आज दुर्भाग्यको विषय बन्न पुगेको छ । युगपुरूष मोतीरामको व्यक्तित्व, कृतित्व र योगदानलाई एकपटक नियाल्ने अवसर पाएपछि कुनै पनि व्यक्ति कुनै पनि हालतमा आफूलाई किंकर्तव्यविमूढ बनाई बस्न सक्दैन र बस्नु पनि हुँदैन । आफ्नो जीवनकालको ३० वर्षमात्र उपयोग गर्न पाएता पनि त्यो अल्पअवधिमा नेपाल र नेपालीहरूका लागि उनले गरेका उल्लेख्य कार्यलाई कहिल्यै बिर्सन सकिँदैन ।

मोतीराम भट्टको जन्म पिता दयाराम भट्ट र माता रिपुमर्दिनी देवीका कोखबाट वि.सं. १९२३ भदौ २५ मा काठमाडौंको भोसिको टोलमा भएको हो । उनलाई (वि.सं. १९२३-१९५३) मध्यकालीन नेपाली साहित्यका युगीन व्यक्तित्त्व मानिन्छ । उनी पाँच वर्षकै उमेरमा बनारसमा बसी फारसी स्कुलमा अध्ययन गरी गजल लेख्न प्रेरित भए । त्यस्तै पन्नालाल नामक वस्ताज सिताखादसँग संगीत र गीत गायनको तालिम पनि लिएका थिए ।

उनी शान्त, मिलनसार, आँटिला र उत्साही स्वभावका व्यक्ति थिए । त्यसैले उनका कोही पनि द्वेष व्यक्ति थिएनन् । उनले पहिरनको हकमा प्राय: धोती, कोट र टोपी लगाउन मन पराउँथे भने औपचारिक शिक्षाको रूपमा प्रवेशिका उत्तीर्ण गरी स्नातकोत्तरसम्मको अध्ययन गरेका थिए ।

भाषा, साहित्य, कला, संगीत, पत्रकारिता र समाज सेवाको क्षेत्रमा उनले पुर्‍याएको योगदान अत्यन्त प्रशंसनीय छ । उनी छ-सात भाषाका ज्ञाता थिए । विशुद्ध नेपाली भाषामा लेख्न पोख्त उनका कवितामा झर्रा शब्द र फारसी, संस्कृतका शब्दहरूको प्रयोग पाइन्छ ।

विभिन्न भाषानुवादका आधारमा भक्ति, स्तुति र वीरताको व्यक्तिगत वर्णनमा सीमित रहेको प्राथमिककालीन नेपाली साहित्यलाई नयाँ मोड दिने ऐतिहासिक कार्य उनैबाट भएको हो । मध्यकाल र शृंगारिक धाराको विजारोपण उनैबाट भएको थियो ।

उनले आफूले मात्र कविता लेखेनन्, अरूलाई पनि कविता लेख्न प्रोत्साहन दिए । बनारस र काठमाडौंमा रहँदा मोतीरामले आफूसँग मन मिल्ने साथीहरूको समूह खडा गरेका थिए । त्यसलाई मोतीमण्डली भनियो । मोतीरामको नेपाली साहित्यप्रतिको झुकावले गर्दा नेपालका साथै प्रवासमासमेत प्रभाव पर्न गएको थियो ।

मोतीराम भट्ट आफ्नो मातृभाषालाई कसरी व्यापकता दिने भन्ने सोचमा थिए । त्यस समयमा हिन्दुस्तानमा ४० हजार नेपालीको बसोबास रहेको थियो । ती प्रवासमा रहेका नेपालीहरूले जनही एक-एक रूपैयाँमात्र दिए भने पनि ४० हजार रूपैयाँ उठ्ने र त्यही रकमले आफ्नो सोचलाई पूर्णता मिल्ने तर्क राख्थे ।

उनका कृतिहरूमा खण्डकाव्यतर्फ पिकदूत, उषाचरित्र, प्रह्लाद भक्तिकथा तथा गजेन्द्रमोक्ष, कविता संग्रहतर्फ पञ्चक प्रपञ्चक तथा मनोद्वेग प्रवाह र गजल संग्रहतर्फ मोतीराम भट्टका गजलहरू हुन् । यी कृतिहरूमध्ये मनोद्वेग प्रवाह नै पहिलो प्रकाशित कृति हो । उक्त कृति भारतबाट प्रकाशन भएको थियो । त्यस्तै उनले लेखेका अन्य कृतिमा नाटकतर्फ शकुन्तला (१९४४), प्रियदर्शिका (१९४५), पद्मावती (१९४५ अपूर्ण), हस्न अफरोज ए दिल उर्दुमा र आख्यानतर्फ गुलसनोबर (१९४६) हुन् । उनले लेखेका कृति कुन सालमा प्रकाशन भएको हो भन्ने खुल्न आएको छैन ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका उनका साहित्यिक कृतिहरूमा शृंगारिकता, कोमलता, कारुणिकता, यथार्थता, मौलिकता जस्ता उच्च विशेषताहरू पाइन्छन् । मोतीरामका कवितामा नरनारीको सुन्दरता, मायाप्रीति, भेटघाट, बिछोडजस्ता भावहरू सम्मीश्रण भएको छ । भट्टको केन्द्रीय काव्य प्रवृत्ति वा विशेषता शृंगारिकता वा शृंगार प्रधानता हो । कविवर मोतीराम प्रकृतिप्रेमी थिए । फुर्सदको समयमा वनजंगल, सुन्दर बगैंचा, खोलानाला, झरना आदि स्थानमा गई आनन्द लिन्थे । एक समय वसन्त ऋतुमा आफ्ना साथीभाइहरूसँग बगैंचा घुम्न गएका थिए । बगैंचामा भएका रंगीचंगी फूल, फूलमा रस लिन लागेको भमरा, हरिया बोटबिरुवा, थरीथरीका चराहरूको चिरबिर आवाजले मोहित भई त्यसै बेला भ्रमर गीत लेखे-

*सरस ऋतु वसन्त आज आयो*
*मधुकरले सुख आज धेर पायो*
*कलि कलि डुली बेलि बेस चमेली*
*रस लिइ मस्त भए अहो नबोली ।*

मोतीराम भट्ट मनपर्ने नारीलाई आफ्नो वशमा राख्न प्रयत्न गर्थे । यौन मानव जीवनलाई सुखमय बनाउने साधन ठान्थे उनी । युवा अवस्थामा यौन क्रिडाको मज्जा बिछट्टै ठान्थे । यौवनलाई सधैं यथावत् राख्न सक्दैनौं भन्ने उनको धारणा थियो । यौवनको रसलाई गाईको थुनबाट निस्कने दूधसँग तुलना गरी उनले भनेका छन्-

*गाईका थुनमा सँगालिकन दूध संलन्न कहिल्यै पनि ।*
*त्यस्तै सुन्दरीको नमान्नु पतियार् विघ्नै चनाखो बनी ॥*
*तिन्को यौवन आज भोलि गरूँला भन्दा उसै थोत्रियो ।*
*क्या गर्छस् अब आश थुक्क बजिया हेर हेर सबै धोधियो ॥*

'किन चाहियो' फारसी स्रोतका छन्दको प्रयोग गरी वि.सं. १९४६-१९५२ को बीचमा भट्टले लेखेको गजल हो । तीन श्लोक अर्थात् शेरमा रचिएको यो गजल मध्यकालका कविहरूका गजलहरूको संग्रह संगीत चन्द्रोदयबाट लिइएको हो । गजलको भाषाशैली वनोट संस्कृत तत्सम् शब्द र झर्रा नेपाली तद्भव शब्दका साथै आगन्तुक शब्दहरूको सम्मीश्रण नेपालीपनभन्दा शब्द माधुर्यप्रति नै बढी जोड दिएको छ ।

'किन चाहियो' शीर्षकको गजल छ वटा पंक्तिमा रचिएको छ भने प्रेमविषयक यस गजलमा प्रणयको अनुराग र शक्तिलाई शृंगारिक भाव धारामा प्रस्तुत गरिएको छ । उनले युवतीको विषयवस्तु बनाई युवतीको शरीरको रूप, रङ, सुन्दरताको बयानका साथै यसरी छेडछाड पनि गरेका छन्-

*दुई आँखिभौं त तयार छन्, तरवार पो किन चाहियो*
*तिमी आफू मालिक भैगयौ, सरकार पो किन चाहियो*

उनका कृतिहरूमा साहित्यका नवरसमध्ये शृंगार रसलाई बढी महत्त्व दिएको पाइन्छ । आफ्ना कृतिमार्फत शृंगारिकताको वर्णन यसरी गरेका छन्-

*शृंगार हो नवरसविषे अति असल सो जानि मैले यहाँ ।*
*त्यो रसलाई प्रधान मानी मनमा लेख्याँ म छोड्न्या कहाँ ॥*

भट्टका कृतिहरूमा सम्भोग शृंगार र विप्रलम्भ शृंगार दुवै प्रशस्त मात्रामा झल्किएका छन् । सम्भोग शृंगार प्रधान कृतिहरूमा नायक नायिकाको सुखद प्रेममय मिलन र त्यसबाट उत्पन्न भएको र हुनसक्ने आनन्दमय वातावरणको कलात्मक रूपमा वर्णन गरिएको पाइन्छ ।

शृंगारलाई व्यंग्यात्मकरूपमा प्रस्तुत गर्न पनि मोतीराम उत्तिकै सक्षम छन् । सुन्दरी युवतीको शारीरिक वनावटप्रति पुरुषहरूमा उर्लेका वासनालाई व्यंग्य गरी त्यसलाई उनी यसरी प्रस्तुत गर्छन्-

*कनक झैं मन यो बीसको भनूँ*
*छब्बिस उनान्तीस वा तीसको भनूँ*
*कउन अक्कलिका भरमा परूँ*
*तीस भन्या बीस हुन्छ कसो गरूँ ।*



देशभक्ति र सामाजिक विषयवस्तु पनि उनका कविताहरूमा उत्तिकै पाइन्छन् । आफ्ना कृतिमार्फत देश सेवा, देशभक्ति देखाउनुका साथै सामाजिक कूरीतिप्रति तीखो व्यंग्य गरेका छन् ।

*अचल् झण्डा फर्कोस् फरफर गरी कान्तिपुरमा*
*रिपूको मन् थर्कोस् थरथर गरी छीनघरिमा*
*यवन्ले राज गर्दा कति पतीत हिन्दूस्थल भयो*
*फगत् यै नेपाल्को मुलुक बचि कन्च रहिगयो ।*

गीति लयमा गाइएका गजल दरबारियाहरूलाई खुबै मनपर्थे । तिनले मोतीरामलाई दरबारभित्र डाकी गजल गाउन लागाउँथे । यिनले दरबारियाहरूलाई हास्यव्यंग्यमार्फत वैदेशिक सामानहरू प्रयोग नगर्न व्यंग्य गर्थे-

*सुहाउँदैन अंगाले मगाऊ कोट र्‍यान्किनको*
*छकल्ली टोपी भो पर्दैन क्याप् चाहिन्छ धर्मन्को*
*कसोरी लाउन् धोक्रे कडा जुत्ता मिभगरीको*
*हवस् फमोयसी एक जोर असल बुट् बाल्कि ज्याक्सनको ।*

भट्टले तीजको कथाको परिवेशलाई उपदेशयुक्त अर्थात् हास्य दृष्टान्तले ओतप्रोत भई लेखेको कृति हो, पञ्चक-प्रपञ्च । त्यस समय जुवाले अखडा जमाएको थियो । जुवा साहित्यमा लाग्नेहरूलाई मन पर्ने कुरा भएन । त्यसैले भट्टले जुवाडेहरूको मनोदशामाथि व्यंग्य गर्नुका साथै सन्देश पनि दिने काम गरेका थिए-

*जीत्ना को मतलव् न गर्नुजन ले जीतेर क्या गर्दछन् ।*
*जीत्या का धन को न भाउ रहन्या अस्वार्थ मा फाल्दछन् ॥*
*गाली गर्नु हवस् बरू म सहुंला अप्सोस् नमानी रती ।*
*जून जूवा कन खेलि श्रेय न हुन्या क्या खेलनु घूढा धसी ॥*

उनी तमाखु सेवन गर्न मन पराउँथे । एक दिन कविवर तमाखु खाइरहेका बेलामा एक छिमेकी नेपाली युवा तमाखु लिई उनैसँग बसी तमाखु सेवन गरे । तमाखु तान्दा गडगडाहट आवाज सुनी भट्टले तत्कालै श्लोक लेखे-

*कल्ली गोल असल सुमेरू बढीया सुनको जडेको फुली*
*पूर्यासम्म बनाउनु तेस उपर खप्तर्को लामो नली*
*खम्मारी उमदा तमाखु मलुवा पातो चढाइ भली*
*दुई सर्का थुति बात प्यारि सङको मण्टो झुलाइ झुली ।*

पिकदूत खण्डकाव्य चर्चायोग्य छ । सरल र स्वाभाविक भाषामा लेखिएको खण्डकाव्य वर्णमात्रिक छन्दमा रचिएको छ । जसमा शार्दूलविक्रीडित छन्द २७ श्लोक, वसन्ततिलका छन्द-२ र मालिनी १ गरी जम्मा ३० श्लोकका छन् । यस खण्डकाव्यमा गृष्म, वर्षा, हेमन्त, शिशिर, शरद र वसन्त गरी छ ऋतुको प्रयोग भएको छ । यसमा आफ्नो पति परदेश गएका कारण कामवासनाबाट पीडित नारीको वेदनाका भाव व्यक्त गरिएको छ । खण्डकाव्यमा दुई पात्र छन् पीडित नायिका र पिक (कोइली) ।

आफू एक्लो महसुस गरी परदेश गएका आफ्ना श्रीमान्लाई सन्देश पठाउनका लागि पिक (कोइली) को सहयोग लिएकी छन् । नायिका यौवनले मत्त भई सम्भोगका लागि निकै आतुर छे । बाह्रै महिना बाह्रै काल ऋतु परिवर्तनसँगै मान्छे कामवासनाले उत्तेजित हुन्छ । कविले कवितामा पति र पत्नीबीचको पहिलो मिलन र बिछोड हुँदाको अवस्थाले ल्याएको तरंगले मर्माहित तुल्याएको वर्णन गरेका छन् । नायिकाले आफ्नो पतिसँग रहँदाको समयमा सम्भोगको आनन्द झलझली सम्झन्छे । ऊ भौतिक रूपले सम्पन्न छे । लाउन, खानका लागि कुनै समस्या छैन । मानिसको जीवनचक्रमा सुख, दुःखका अनुभूति बराबर भइनै रहन्छ । यावत् कुराको विज्ञता हुँदाहुँदै पनि आफ्नो जीवन पतिवियोगमा परेको हुँदा आफू एक्लो महसुस भएको नायिकाले व्यक्त गरेकी छन् ।

नेपाली समाजमा वैदेशिक रोजगार र अध्ययन अध्यापन गर्नका लागि विदेशतिर जानेको जमात पहिलेदेखि अहिलेसम्म बाक्लै छ । अझ विवाह गरेको दिनमा नै विदेश गएपछि पत्नीले आफ्नो यौनइच्छालाई कसरी नियन्त्रित गर्छे भन्ने भावसमेत कवितामा सरल भाषामा अभिव्यक्त गरिएको छ ।

*रुई दुई कि फुई यत्ति तीनथोक चाहिन्छ जाडामहाँ*
*दुःखी छु रुई फुई छन् तै पनि ता दुई नहुँदा महाँ*

ooo

*तीर्खा जस्कन लाग्छ पोखरी पनि त्यै खन्छ भन्ने उखान्*
*सुन्दामा नखनी भएन मनमा लाग्यो गरूँ के बयान*
*खुप् खन्खान गरेर पोखरी पनि खासा तयारी भयो*
*प्रेमको डोरी चुँडयो गरूँ अब कसो घल्चा विपत्ता भयो ।*

ooo

*के गर्ला अब चन्द्र पापी थपडा पाई कलंकी भयो*
*आँखामा दरिने सबै मृगहरू उनको बनिवास् भयो ।*

साहित्यबाहेक उनी छापाखानाका प्रबन्धक, पुस्तकालयका संस्थापक, पत्रिकाका प्रबन्धक तथा सम्पादकका रूपमासमेत संलग्न रहेका थिए । यसै क्रममा उनी गोरखा भारत जीवन प्रेसका संस्थापक (वि.सं. १९४३), मोतीकृष्ण धीरेन्द्र कम्पनीका संस्थापक (१९४५) का साथै वि.सं. १९५० मा नेपालमा पशुपति प्रेस नामक छापाखाना खोली नेपालमै छपाइ कार्यको थालनी गरेर उल्लेख्य नमूना प्रस्तुत गरे । तसर्थ, नेपाली साहित्यलाई लेखोट युगबाट छापायुगमा प्रवेश गराउने श्रेय पनि मोतीरामलाई नै जान्छ ।

नेपाली साहित्यमा भानुभक्तलाई परिचित र प्रख्यात बनाउने ऐतिहासिक कार्य भुल्नै नसक्ने छ । भानुभक्तले नेपाली साहित्य आकाशमा जे जति उच्चता हासिल गरे ती सबैको श्रेय मोतीरामलाई नै जान्छ । भानुभक्तका रामायणलगायत विभिन्न कृतिहरू मोतीरामले प्रकाशित नगरेका भए तिनी आजसम्म ओझेलमा नै पर्ने निश्चित थियो ।

भानुभक्त आचार्यको समयमा नेपाली कवितामा मौलिकताभन्दा पनि अनुवाद वा रूपान्तर बढी हुन्थ्यो तर मोतीरामले लेखनीको क्रममा मौलिकता र कल्पना शक्तिको प्रयोगमा बढी चासो राखे । भानुभक्त र लेखनाथ पौडेलका बीच सुन्दर कविता कोर्ने अगुवाइ मोतीरामले गरे । नवीन युगको सुरुआत गरेका हुनाले उनलाई अगुवा एवं रसिक कविको रूपमा नेपाली साहित्यमा चिनिन्छ ।

एउटा सिंगो युगकै अस्तित्व बोकेको अमर व्यक्तित्त्व मोतीरामका सम्बन्धमा खासै बढी चर्चा नहुनु आज दुर्भाग्यको विषय बन्न पुगेको छ । युगपुरुष मोतीरामको व्यक्तित्त्व, कृतित्त्व र योगदानलाई एकपटक नियाल्ने अवसर पाएपछि कुनै पनि व्यक्ति कुनै पनि हालतमा आफूलाई किंकर्तव्यविमूढ बनाई बस्न सक्दैन र बस्नु पनि हुँदैन । अन्ततः वि.सं. १९५३ साल भदौको कृष्ण औंसीमा काठमाडौंमा नै मोतीराम भट्टको मृत्यु हुन गयो । आफ्नो जीवनकालको ३० वर्षमात्र उपयोग गर्न पाएता पनि त्यो अल्पअवधिमा नेपाल र नेपालीहरूका लागि उनले गरेका उल्लेख्य कार्यलाई कहिल्यै बिर्सन सकिँदैन ।

आजको परिवेशमा मोतीरामजस्तो मान्छे जन्मन कठिन छ तर असम्भव भने नहोला । हामी मोतीराम त बन्न नसकौंला तर उनीजस्तै बन्ने प्रयास भने अवश्य गर्नुपर्दछ । साथै, उनका अनुयायी भने अवश्य बन्ने छौं ।

# लुम्बिनी प्रदेशसभा सदस्य केसी जेल चलान



**तुलसीपुर (प्रस)–** लुम्बिनी प्रदेशसभा सदस्य धनबहादुर केसी कारागार चलान भएका छन् । रुकुम पूर्वको प्रदेशसभा (ख) बाट निर्वाचित केसी ३३ वर्षअघि जिल्ला अदालत रुकुमले दोषी ठहर गरेको कीर्ते मुद्दामा कारागार चलान भएका हुन् । यसअघि प्रहरीको फरार सूचीमा रहेकै अवस्थामा वि.सं. २०७९ को निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट विजयी भएका थिए ।

अदालतले दोषी ठहर गरेका व्यक्ति प्रदेशसभा सदस्य भएको भन्दै चौतर्फी विरोध भएपछि केसीले आइतबार रुकुम पूर्व जिल्ला अदालतमा आत्मसमर्पण गरे । उनलाई आइतबार नै कारागार चलान गरिएको रुकुम पूर्वका प्रहरी नायब उपरीक्षक माधव खरेलले जानकारी दिए ।

श्रीमतीसँगको अंश मुद्दामा कीर्ते गरेको भन्दै २०४८ असार ९ गते अदालते एक वर्ष कैद र दुई हजार जरिवानाको फैसला सुनाएको थियो । सम्बन्ध विच्छेदको मुद्दामा नक्कली कागजात पेस गरेको भन्दै श्रीमती राधा केसीले जाहेरी दिएकी थिइन् । सोही मुद्दामा दोषी ठहर भएका केसी कैद भुक्तान नगरी बसेका थिए ।

२०७५ वैशाख ३१ गते रुकुम पश्चिम जिल्ला अदालतले केसीविरुद्ध पूर्व फैसलाअनुसार कारबाही नभएको भन्दै रूकुम पूर्वी जिल्ला अदालतका नाममा त्यसबारे पत्राचार गरेको थियो ।

# भोदी खेलको संरक्षणमा जुट्दै थारू समुदाय

**मध्यविन्दु (नवलपरासी)–** बर्दघाट सुस्तापूर्वका थारू समुदाय लोप हुन थालेको परम्परागत भोदी खेल संरक्षणमा जुटेका छन् । अनतपर्वका अवसरमा थारू समुदायले खेल्ने भोदी खेल संरक्षणका लागि थारू युवा समूहबीच प्रतियोगिता सञ्चालन गरिएको छ ।

नवलपरासीसहित तराई क्षेत्रका थारू समुदायले अनतपर्वलाई सहकालका देवता इन्द्रको पूजा गरी मनाउने गर्दछन् । अनतका अवसरमा इन्द्रलाई पूजा गरी खुसी बनाए वर्षा राम्रोसँग हुने र अन्नबाली राम्रो फल्ने जनविश्वासका आधारमा विभिन्न धार्मिक कार्य गरिने थारू कल्याण कारिणीसभा नवलपुरका अध्यक्ष रामप्रसाद महतोले बताए ।



'अनतका अवसरमा अन्नबालीलाई आवश्यक पानी पारिदिन इन्द्र भगवान्को उपासनासँगै भोदी खेल खेल्ने चलन जिल्लामा २०५२ सालदेखि सुरु गरिएको हो,' उनले भने, 'लोप हुने अवस्थाको यस खेलको संरक्षण गर्दा थारूको कला, संस्कृति र परम्परासमेत उजागर भएको छ ।'

इन्द्रलाई खुसी बनाउन पिङ खेल्ने, भोदी खेल्ने परम्परा रहिआएको छ । भोदी खेल थारू समुदायको बाक्लो बस्ती भएको गाउँमा समूह बनाएर खेल्ने पुरानो परम्परा भए पनि पछिल्ला वर्षमा यो परम्परा हराउँदै गएको छ । थारू समुदायको पहिचान बोकेको विभिन्न चाडपर्वमध्ये अनन्त चतुर्दशी पर्वलाई पनि थारू समुदायले विशेष महत्त्वका साथ मनाउने गर्दछन् । यस पर्व ठाउँ र परिवेशअनुसार फरक तरिकाले मनाउने गरिएको अध्यक्ष महतोले बताए । 'भोदी खेलमा एक समूहमा १० जना हुने गर्छन्, भुइँमा नौवटा लठ्ठी गाडेर राखिन्छ, पालैपालो हानेर लठ्ठी निकाल्ने गरिन्छ, जुन समूहले सबै लठ्ठी निकाल्न सक्छ त्यो समूह नै विजयी घोषित हुन्छ,' उनले भने ।

भोदी खेल धार्मिक र ऐतिहासिक महत्त्व बोकेको हुँदा थारू समुदायका अगुवाले यसको संरक्षणका लागि हरेक वर्ष प्रतियोगिता आयोजना गर्दै आएका थारू महिला अगुवा ओमकुमारी महतोले बताइन् । यसबाट नयाँ पुस्तालाई खेलको महत्त्व बुझाउन र सिकाउन सहज भएको उनले बताइन् ।

'यहाँका थारूहरूले व्रत बसी पूजा गर्ने गर्छन्, यसै दिन व्रत बसेर लठ्ठीले हानेर खेलिने मौलिक खेललाई नै भोदी खेल भनिन्छ,' उनले भनिन् । भाद्र चतुर्दशीमा मनाइने अनतपर्व १८२५ सालदेखि मनाउन थालिएको बताइन्छ । तराई क्षेत्रका थारू समुदायले अनतपर्वलाई सहकालका देवता इन्द्रको पूजा गरी व्रत बसेर भोदी खेल्ने गर्दछन् । धार्मिक र ऐतिहासिक महत्त्व बोकेको यस खेलको महत्त्व नयाँ पुस्तालाई बुझाउन र सिकाउन थारू समुदायको बाहुल्यता रहेको गाउँहरूमा प्रत्येक वर्ष भोदी खेल प्रतियोगिता आयोजना गरिन्छ । *रासस*

# पोखरा आसपासमा गिद्धको संख्या २२ प्रतिशतले बढ्यो

**गण्डकी–** गत वर्षको तुलनामा पोखरा आसपासका क्षेत्रमा गिद्धको संख्या करिब २२ प्रतिशतले बढेको छ । अन्तर्राष्ट्रिय गिद्ध संरक्षण दिवसका अवसरमा गरिएको गणनामा गिद्धको संख्या करिब २२ प्रतिशतले बढेको पाइएको हो ।

पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरेका अनुसार यहाँस्थित पन्छी समाजले हरेक वर्षजस्तै यस वर्ष पनि पोखरा आसपासका क्षेत्रमा गिद्धको गणना गरेको थियो । सन् २०२३ मा ३८७ गिद्ध अध्यावधिक गरिएकामा यस वर्ष यो संख्या बढेर ४७१ पुगेको उनले जानकारी दिए । अध्ययनका क्रममा तनहुँ क्षेत्रमा पनि गिद्धको संख्या बढेको पाइएको उनले बताए ।

कास्कीको घाचोक, बाच्छेबुडुवा, पुम्दी-भुम्दी, विजयपुर खोला करिडोर, लामेआहाल तथा तनहुँको गाछेपानी, सिशुवा/भतेरी र दमौली ल्याण्डफिलसाइट गरी एकैपटक आठ स्थानमा छुट्टाछुट्टै टोलीले गणना गरेको घिमिरेले जानकारी दिए ।

गणनामा संकटापन्न गिद्धको सूचीमा रहेको सेतो गिद्ध सबैभन्दा धेरै बढेको देखिएको छ भने अति-संकटापन्न सूचीमा रहेको सुन गिद्ध, सानो खैरो गिद्ध र डंगर गिद्धको संख्यामा पनि सामान्य वृद्धि भएको पाइएको छ । राजगिद्ध यथास्थितिमा छ भने हिमाली गिद्ध घटेको अध्ययनले देखाएको छ ।

सरकारले गिद्ध संरक्षणका लागि 'गिद्ध संरक्षण कार्ययोजना २०२३-२०२९' लागू गरेको छ । साथै देशभरका चरा तथा वन्यजन्तु संरक्षणमा लागिपरेका संघसंस्थाले विविध कार्यक्रम आयोजना गरी अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस मनाएका छन् ।

सरकारले वि.सं. २०६३ देखि गिद्धलाई अति हानिकारक मानिएको 'डाइक्लोफेनेक' (पशुको उपचारमा प्रयोग गरिने औषधि) प्रतिबन्ध लगाएसँगै गिद्धको संख्या क्रमिकरूपमा वृद्धि हुँदै गएको घिमिरेले जानकारी दिए । सिनोमा हुने विषादी, हाइभोल्टेज तथा बिजुलीका तारमा ठोक्किएर मर्नेक्रम भने लगातार बढेको उनले बताए । समाजले सन् २०१७ देखि पोखरा आसपासमा गिद्धको संख्या अध्यावधिक गर्दै आइरहेको छ । *रासस*

# बागलुङका १३ सय घर बिजुलीविहीन

**बागलुङ (प्रस)–** पहिरोले विद्युत् आयोजनाको नहर बगाएपछि निसीखोला गाउँपालिकाका एक हजार ३१३ घरमा विद्युत् आपूर्ति बन्द भएको छ । निसीखोला गाउँपालिका-४ जैथुम्कामा रहेको १२० किलोवाट क्षमताको निसीखोला दोस्रो जलविद्युत् आयोजनाको ३५ मिटर नहर पहिरोले बगाएपछि तीन दिनदेखि बिजुली उत्पादन बन्द भएको हो ।

आयोजनाबाट उत्पादन बन्द भएसँगै सो बोहोरागाउँ, थापागाउँ, झिवाखोला, छापाखानी, धाराखर्क, ढुवाँखोर, ओखेनी, जिरी, झिम्पा, बडाचौरलगायत ठाउँमा विद्युत् आपूर्ति बन्द भएको निसीखोला दोस्रो लघुजलविद्युत् आयोजनाका प्रबन्धक चिरञ्जीवी पौडेलले जानकारी दिए । निरन्तर वर्षासँगै खसेको पहिरोले आयोजनाको नहरमा ठूलो क्षति गरेको उनले बताए ।

